# नेपाल राजपत्र

## भाग ५

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ ३ गते २०३४ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ को सरकार नेपाल र अरब गणतन्त्र मिश्र सरकारका बीच २३ डिसेम्बर १९७५ तदनुसार २०३२ साल पुष ८ गते भएको व्यापारसम्बन्धी सम्झौताको प्रमाणिक प्रतिहरू नेपाली, अरबी र अंग्रेजी भाषामा भएकोमा त्यसको नेपाली र अंग्रेजी भाषाका प्रतिहरू सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

श्री ५ को सरकार नेपाल र अरब गणतन्त्र मिश्र सरकारका
बीचको व्यापार–सम्झौता

श्री ५ को सरकार नेपाल र अरब गणतन्त्र मिश्र सरकार (यसपछि उच्च संविदाकारी पक्षहरू भनिएको) ले

दुवै देशका बीच आर्थिक तथा वाणिज्य सम्बन्धलाई विकसित र सुदृढ गर्ने उद्देश्यले उत्प्रेरित भई आपसमा दुई देशका बीच रहेको व्यापारलाई समानता र पारस्परिक सहयोगको आधारमा प्रवर्द्धन गर्न देहायबमोजिम मञ्जूर गर्दछन्:–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा–१

उच्च संविदाकारी पक्षहरूले आफ्नो दुई देशका बीच रहेको व्यापारलाई विकसित गर्नको लागि सबै उपयुक्त कारवाहीहरू गर्ने छन् र आपसमा माल बस्तु तथा सेवाहरूको आदान प्रदानलाई प्रोत्साहन गर्न मञ्जूर गर्दछन् ।

धारा–२

उच्च संविदाकारी पक्षहरूका बीचको व्यापार आ-आफ्नो प्रचलित निकासी पैठारी सम्बन्धी कानून, नियमहरू तथा कार्यविधि बमोजिम सञ्चालन गरिनेछ ।

धारा–३

उच्च संविदाकारी पक्षहरूले दुई देशका बीच खास गरी यस सम्झौतामा संलग्न सूची "क" र सूची "ख" जुन यस सम्झौताको अभिन्न अङ्ग हुन् त्यसमा उल्लेखित मालसामानहरूको व्यापारको परिमाणलाई प्रवर्द्धन र अभिवृद्धि गर्न भरमगदुर कोशिस गर्नेछन् ।

सूची "क" ले नेपालबाट हुने निकासीलाई जनाउँछ ।

सूची "ख" ले अरब गणतन्त्र मिश्रबाट हुने निकासीलाई जनाउँछ ।

तर यस सम्झौताले माथि उल्लेखित सूचीहरूमा नखोलिएको मालसामानहरूको आदान प्रदान गर्नमा कुनै रोक लगाइएको मानिने छैन ।

धारा–४

उच्च संविदाकारी पक्षहरूले दुई देशका बीच मालसामानहरूको आदान प्रदान गर्ने विषयमा निकासी तथा पैठारी गर्नको लागि इजाजतपत्र जारी गर्दा भन्सार कार्यविधिहरू, भन्सार महसूल एवं करहरू तथा अन्य दस्तुरहरूको सम्बन्धमा एकले अर्कोलाई अधिकतम सोविध्य प्राप्त राष्ट्रको सहुलियत प्रदान गर्नेछन् ।

तर यी व्यवस्थाहरू:–

(क) सीमावर्ति व्यापार प्रवर्द्धन गर्न दिइने सहुलियत ।

(ख) दुबै उच्च संविदाकारी पक्षहरू सदस्य भएको वा हुने कुनै भन्सार संगठन तथा अन्य खुला व्यापारसम्बन्धी सम्झौताबाट उत्पन्न सहुलियतहरूको सम्बन्धमा लागू हुने छैनन् ।

धारा–५

माथि जे सुकै व्यवस्था भए तापनि कुनै उच्च संविदाकारी पक्षले देहायका उद्देश्यहरूको लागि जे जस्तो आवश्यक हुन्छ त्यस्तो नियन्त्रण कायम राख्न वा लगाउन सक्नेछ:–

(क) सर्वसाधारणको नैतिकतालाई सुरक्षित राख्ने,

(ख) मानव, जनावर तथा वनस्पतिको जीवन रक्षा गर्ने,

(ग) राष्ट्रिय सम्पत्तिको रक्षा गर्ने,

(घ) सुन चाँदी बुलियनको निकासी पैठारी सम्बन्धी कानूनको कार्यान्वयन संरक्षण गर्ने,

(ङ) पारस्परिक आधारमा मञ्जूर गरिएको अन्य अभिरुचिका विषयलाई संरक्षण गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

920

धारा–६

उच्च संविदाकारी पक्षहरूले अन्यथा मञ्जूर गरेमा बाहेक मालसामानको निकासी तथा पैठारी सम्बन्धी सबै भुक्तानीका साथै अन्य भुक्तानी यू. एस. डलर वा अरू कुनै खुला तवरले परिवर्त्य हुने मुद्रामा गरिनेछ ।

धारा–७

माथि जे सुकै व्यवस्था भए तापनि अरू आपसी व्यापारलाई नियन्त्रण नगरी दुवै उच्च संविदाकारी पक्षहरूले एक देशबाट अर्को देशमा आदान प्रदान हुने वा चलान हुने मालसामानहरूलाई सुविधा पुऱ्याउनका लागि आदान प्रदान हुने मालसामानहरूका सम्बन्धमा भुक्तानी कार्यविधिहरू वा विशेष फछ्यौंट गर्ने दिने जस्ता खास व्यवस्था अथवा दुवै पक्षले आवश्यक भनी ठानेका अरू त्यस्ता प्राथमिकतापूर्ण व्यवस्था यो सम्झौता बहाल रहने अवधिभित्र समय समयमा गर्न मञ्जूर गरेका छन् ।

त्यस्ता विशेष व्यवस्थाहरू नेपाली रूपैयाँ वा मिश्री पाउण्डमा भुक्तानी गर्न सकिने दृष्टिकोणबाट दुवै उच्च संविदाकारी पक्षहरूले त्यस्तो व्यवस्था जुन बेला लागू गर्न सक्दछन् त्यसमा आधारित हुन सक्नेछ ।

धारा–८

आपसी व्यापार वृद्धि गर्ने उद्देश्यले दुवै उच्च संविदाकारी पक्षहरूले आ-आफ्नो देशको कानून तथा नियमहरूको अधीनमा रही एक अर्कोलाई मेला, प्रदर्शनी तथा व्यापार केन्द्रमा सजावटको आयोजना गर्न सहुलियत प्रदान गर्नेछन् ।

धारा–९

दुवै देशको बीच व्यापार प्रवर्द्धन गर्ने उद्देश्य राखी उच्च संविदाकारी पक्षहरूले एक अर्कोलाई पूंजी लगानी, संयुक्त उद्यम तथा अन्य प्रकारका आर्थिक सहयोग गर्ने सम्बन्धमा कुनै अरू राष्ट्रलाई दिइएको सुविधाभन्दा कम नहुने गरी सुविधा प्रदान गर्नेछन् ।

धारा–१०

दुवै देशका बीच व्यापारलाई सहुलियत पुऱ्याउनका लागि उच्च संविदाकारी पक्षहरूले ८ जुलाई १९६५ मा न्यूयोर्कमा सम्पन्न भएको भूपरिवेष्ठित् राष्ट्रहरूको पारवहन व्यापार सम्बन्धी महासन्धीका साथै त्यस्तै विषयमा अङ्कटाडद्वारा पारित सम्बन्धित प्रस्तावहरू तथा सुझावहरूलाई पालन गर्नेछन् ।

धारा–११

उच्च संविदाकारी पक्षहरूले दुवै देशका बीच मालसामानहरूको ढुवानीको लागि दक्षतम र कम खर्चिलो यातायात र साधन पहिल्याउन र आवश्यक कदमहरू चाल्न मञ्जूर गर्दछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२१

## धारा–१२

यो सम्झौताको कार्यान्वयनको सहुलियतको लागि र त्यसबाट उत्पन्न समस्या समाधानका लागि दुवै उच्च संविदाकारी पक्षहरूले एक अर्कोसित आपसी सरसल्लाह गर्न र संयुक्त समिति गठन गरी कुनै उच्च संविदाकारी पक्षको अनुरोधमा सुविधाजनक ठाउँ र मितिमा बैठक गर्न मञ्जूर गर्दछन् ।

## धारा–१३

यो सम्झौता पाँच वर्षको अवधिसम्म वैध रहनेछ र आवश्यक ठानिएमा यो सम्झौतालाई अनुमोदन गर्नु पर्नेछ। तर यो सम्झौता हस्ताक्षर भएका मितिदेखि अस्थायी रूपमा तथा सम्झौ को अनुमोदन पत्र काठमाडौंमा प्राप्त भएपछि अन्तिम रूपमा लागू हुनेछ। यो सम्झौताको अवधि समाप्त हुनुभन्दा छ महीना अगावै कुनै उच्च संविदाकारी पक्षद्वारा यो सम्झौतालाई अन्त्य गर्ने मनसायको सूचना दिइएमा बाहेक यो सम्झौताको मान्यताको अवधि प्रत्येक थप पाँच वर्षको अवधिहरूको लागि बढ्दै जानेछ ।

यो सम्झौता नेपाली, अरवी तथा अंग्रेजी भाषामा गरी प्रत्येकको दुई दुई मूल प्रति तयार गरी मङ्गलबार तेईस डिसेम्बर १९७५ का दिन काठमाडौंमा हस्ताक्षर गरिएको छ। सम्झौताका तीनै भाषाका प्रति समान रूपले प्रमाणिक छन्। मतभिन्नता भएमा अंग्रेजी भाषाको प्रति मान्य हुनेछ ।

| | |
|---|---|
| श्री ५ को सरकार नेपालको तर्फबाट | अरव गणतन्त्र मिश्र सरकारको तर्फबाट |
| (देवेन्द्रराज उपाध्याय) | (अहमद तेलात सुकिएल नाहल) |

## सूची "क"

नेपालबाट मिश्रमा निकासी

- कच्चा जूट
- जूटका सामान
- हस्तकलाका सामान र हैण्डलुमका सामान
- दलहन मुसुरको दाल समेत
- सुठो
- तेलहन र खलिपिना
- खाने तेल
- अलैंची
- मसला
- जडीबूटी
- घिउ
- चिया

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

922

- लकडी
- प्लाइउड
- मोज्याक पार्केट
- स्ट्रा बोर्ड
- कच्चा छाला
- जगर
- तैयारी छाला
- चलचित्र र अरू शैक्षिक सामग्री

सूची "ख"

मिश्रबाट नेपालमा निकासी

- कपडा
- कच्चा तेल र पेट्रोलियम पदार्थ
- बिजुलीका मालसामान
- कार्यालयसम्बन्धी मालसामान
- औषधी र फर्मास्यूटिकल
- कपास
- सूति धागो
- सूति गलैंचा
- मसला
- आल्यूमुनियम पदार्थ
- सुख्खा फल र डिब्बाबन्दी खाना
- अस्वेस्टस्‌शिट
- सिउने कल
- बाइसिकल
- चलचित्र र अरू शैक्षिक सामग्री

मुद्रण विभाग, सिंहदरबार

# TRADE AGREEMENT
## Between
## His Majesty's Government of Nepal
## and
## The Government of
## The Arab Republic of Egypt

His majesty's Government of NEPAL and the Government of the Arab Republic of EGYPT (hereinafter referred to as "The High Contracting Parties").

Moved by the desire to develop and strengthen their economic and commercial relations and with a view to promoting the trade between the two countries on the basis of equality and mutual benefit, the two countries have agreed as follows:—

### Article I

The High Contracting Parties shall take all appropriate measures to develop the trade between their two countries and agree to promote the exchange of goods and services between them.

### Article II

The trade between the High Contracting Parties shall be conducted in accordance with their respective laws, regulations and procedures relating to import and export of goods and commodities.

### Article III

The High Contracting Parties shall do their best to promote expand the volumes of trade between the two countries, in particular with regard goods and commodities mentioned in List "A" and "B" annexed here to which form an integral part of this Agreement.

List "A" Designates the List of Exports from Nepal and List "B" Designates the List of Exports from the Arab Republic of Egypt.

The above mentioned lists shall not be construed as to preclude the exchange of goods and commodities not enumerated therein.

### Article IV

The High Contracting Parties shall grant each other the most favoured nation treatment in respect of issuance of licences, customs formalities, customs duties and taxes and other charges for the export and import of goods and commodities to be exchanged between the two countries.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

These provisions, however, shall not apply to:—

1. Facilities to promote the frontier trade.

2. Advantages resulting from any Customs Union or other Agreement on Free Trade to which either High Contracting Party is or may become a member or a party.

## Article V

Notwithstanding the foregoing provision, either High Contracting Party may maintain or introduce such restrictions as are necessary for the purpose of:—

(a) Protecting Public morals,

(b) Protecting human, animal and plant life,

(c) Safeguarding national treasures,

(d) Safeguarding the implementation of laws relating to the import and export of gold and silver bullion,

(e) Safeguarding such other interests as may be mutually agreed upon.

## Article VI

All payments in connection with exportation and importation of goods and commodities as well as other payment shall be effected in U. S. dollars or any other freely convertible currency unless otherwise agreed upon between the High Contracting Parties.

## Article VII

Notwithstanding the foregoing provisions, the two High Contracting Parties agree to enter into, without restricting other mutual trade, such special arrangement as to provide for the special settlement or payment procedure in respect of the goods and commodities to be exchanged or such other preferential arrangement as may be considered by them as necessary, from time to time during the period of validity of this Agreement to facilitate the exchange and movement of goods and commodities from one country to the other.

Such special arrangements may be based on consideration to effect payments either in Nepalese Rupees or in Egyptian Pounds as and when such arrangements could be adopted by both High Contracting Parties.

## Article VIII

In order to promote the mutual trade both the High Contracting Parties shall provide to each other facilities for holding of fairs, exhibitions and displays at the Trade Centre, subject to their respective laws and regulations.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

922

## Article IX

The High Contracting Parties shall accord to each other in respect of capital investments, joint ventures and other forms of economic co-operation aimed at promotion of trade between the two countries, treatment not-less favourable than that accorded to any third country.

## Article X

The High Contracting Parties shall observe the Convention on Transit Trade of Land-locked States signed in New York on July 8, 1965 as well as the relevant resolutions recommendations of UNCTAD on the same subject in so far as they facilitate the trade between the two countries.

## Article XI

The High Contracting Parties agree to explore ways and means and take necessary steps for the most efficient and economical transportation of goods and commodities between the two countries.

## Article XII

In order to facilitate the implementation of this Agreement and to resolve the problems which may arise therefore both the High Contracting Parties agree to consult with each other and form a Joint Committee which shall meet at the request of either High Contracting Party at the convenient date and venue.

## Article XIII

This Agreement shall be valid for a period of five years and is subject to ratification where needed. It shall however come into force provisionally from the date of its signature and finally from the date of receipt of instrument of ratification at Kathmandu. It shall be extend thereafter for additional period of five years each unless either High Contracting Party notifies the other of its intention to terminate this Agreement six months prior to the expiration of each period of five years.

Done and signed at Kathmandu on Tuesday Twenty Third Day of December Ninteen Hundred and Seventy Five in two original copies each in Nepali, Arabic and English Languages, all the three texts being equally authentic. In case of divergence, the English text shall prevail.

| | |
|---|---|
| For His Majesty's Government of Nepal. | For the Government of Arab Republic of Egypt. |
| (Devendra Raj Upadhya) | (Ahmed Talaat Shoukryol Nahal) |

आधिकारिकता ९२६० मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## LIST "A"

### NEPAL'S EXPORT TO EGYPT

— R.L.C. Jute
— Jute goods
— Handicrafts and Hand-loom Products
— Pulses including Lentils
— Ginger
— Edible oil
— Cardamom (Large)
— Spices
— Medicinal Herbs
— Ghee (Clarified Butter)
— Tea
— Timber
— Plywood
— Mosaac Parquet
— Straw Board
— Hides & Skins
— Bristle
— Tanned Leathers
— Movie Films and other educationol materials

## LIST "B"

### EGYPT'S EXPORT TO NEPAL

— Textiles
— Crude oil and Petroleum Products
— Electric appliances
— Office appliances
— Drugs and Pharmaceuticals
— Raw Cotton
— Cotton Yarn
— Cotton Carpets
— Spices
— Dried Fruits and Canned Food
— Aluminium Products
— Asbestos Sheets
— Sewing Machines
— Bycycle
— Movie Films and other educational materials

आज्ञाले–
बलराम सिंह मल्ल
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१२०

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।